जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २३५ २०७९ साल बैशाख ९ गते शुक्रबार (22 Apr. 2022 Friday) मूल्य रु. ५/-

**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन।

- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विद्युतीय स्कुटर निर्माणमा... ३ पृष्ठमा : हुलाकी राजमार्ग: १७२ ... ३ पृष्ठमा : साझा भविष्यका लागि सबै ...

## दुई वर्षिया छोरीको हत्या गरि फरार महिला पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

आफ्नै दुई वर्षिया छोरीको हत्याको आरोपमा बीस वर्ष कैद फैसला सजाय भई फरार एक महिलालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालीनी नख्खरपालिका वडा नं. ७ निवासी रानीदेवी मण्डल छिन्।

प्रहरीका अनुसार सोही नगरपालिका निवासी सुर्य नारायण मण्डलको जाहेरीले रानीदेवी मण्डलमाथी कर्तव्य मुद्दा दायर गरिएको थियो। दायर गरिएको जाहेरीमा रानीले आफ्नै दुई वर्षिय कान्छी छोरीलाई २०७३ साल साउन १२ गते कर्तव्य गरी मारेको र हनुमानगर राजबिराज सडक खण्डको खाडो खोलामा आएको बाढीमा फ्याली बेपता पारेको उल्लेख छ।

सोही कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २०७५ फागुन १५ गते बिस वर्ष कैद हुने फैसला गरेलगत्तै मण्डल फरार भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले फरार प्रतिवादी मण्डललाई जिल्लाको राजगढ गाउँपालिका वडा न. ५ मलेखपुरमा लुकीछुपी बसिरहेको अवस्थामा बिहीबार पक्राउ गरि फैसला कार्यान्वयनका लागि जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानका लागी राजविराज कारागार पठाएको जनाएको छ।

## खडक नगरपालिकामा माओवादी र नेकपा एस मिलेर निर्वाचनमा जाने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

सप्तरीको खडक नगरपालिकामा दुई दलले गठबन्धन गरि स्थानिय तह निर्वाचनमा उम्मेदवारी दिने निर्णय गरेको छ।

पाँच दलिय गठबन्धनमा आवद्ध दलहरुबीच तालमेलको सम्भावना घटदै गएपछि आवद्ध नेकपा (माओवादी केन्द्र) र नेकपा एकिकृत (समाजवादी) बीच मिलेर चुनावमा जाने निर्णय गरेको हो।

खडक नगरपालिका कमिटीको वसेको संयुक्त बैठकले स्थानीय तह निर्वाचनमा मिलेर जाने निर्णय गरेका हुन्। बैठक पछि नेकपा एकिकृत (समाजवादी) र नगर कमिटीका अध्यक्ष विजय कुमार साह र नेकपा माओवादी केन्द्र नगर कमिटीका अध्यक्ष जय प्रकाश चौधरीले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै परिवर्तन विरोधी शक्तीलाई परास्त गर्न दुई परिवर्तनकारी शक्ती आगामी स्थानीयतहको निर्वाचनमा मिलेर



जाने निर्णय गरेको उल्लेख गरेका छन्।

दुई दलिय गठबन्धनको निर्णय बमोजिम खडक नगरपालिकाको वडादेखी नगर प्रमुख र उप प्रमुखसम्म दुबै दलले आपसी सहमतीमा सिट बाडँफाड गर्ने सहमती भएको छ।

अघिल्लो निर्वाचनमा यस नगरपालिकामा तत्कालिन संघिय समाजवादीका उम्मेदवारले प्रमुख उप प्रमुख पद जितेका थिए।

गठबन्धन भित्रका अन्य दलले मिलेर जाने विषयमा खासै चासो नदेखाएकाले यस्तो निर्णय गरिएको नेकपा माओवादी केन्द्रका एक नेताले बताए। पाँच दलिय गठबन्धन भित्रका दुइ दलले मात्र उक्त नगरपालिकामा मिलेर जाने निर्णय गरेपछि यस्को प्रभाव अन्य स्थानीय तहमा पर्न सक्ने आकलन गरिएको छ।

## बालिका बलात्कारको आरोपितलाई आठ वर्ष कैद

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

बाह्र वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा जिल्ला अदालत सप्तरीले २० वर्षिय एक यूवकलाई ८ वर्ष कैद सजाय तथा ५० हजार क्षतिपूर्ती भराउन आदेश दिएको छ।

जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलाशले सप्तरीको रुपनी गाउँपालिकाका वडा नं ६ स्थित तेरहौताका २० वर्षीय सुरेशकुमार सरदारलाई सो सजाय आदेश दिएको हो। आरोपीबाट पीडितलाई ५० हजार क्षतिपूर्ति भराउन आदेशमा भनिएको अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिए।

तत्कालीन जिल्ला न्यायाधीश कुलप्रसाद शर्माको इजलाशले आरोपित सुरेशलाई २०७३ फागुन ८ गते पूर्पक्षका लागि २५ हजार धरौटी लिई तारेखमा रिहा गरेको थियो। अर्का आरोपी सोही ठाउँका २० वर्षीय आकाश भनिने रमेशकुमार सरदार फरार रहेकाले उनको हकमा मुद्दा मुल्तवी रहेको छ।

आरोपीहरूले २०७३ माघ ५ गते राति १२ वर्षीया दुई बालिकालाई बलात्कार गरेको भन्दै पीडित पक्षले २०७३ माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए।

जिल्ला प्रहरी कार्यालयले सो उजुरी दर्ता गरी आरोपितमध्ये सुरेशलाई सोही दिन पक्राउ गरेकामा उक्त अदालतले सुरेशलाई २०७३ फागुन ८ गते धरौटी राखी तारेखमा उपस्थित हुन भनेको थियो।

## पत्रकार महासंघका सदस्य उम्मेदवार बनेमा स्वत: पदमुक्त

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालयले पत्रकार महासंघका पदाधिकारी वा सदस्यहरु निर्वाचनमा उम्मेदबार बनेमा पदबाट स्वत: मुक्त हुने निर्णय गरेको छ।

महासंघका महासचिव रोशन पुरीद्वारा बिहीबार जारि विज्ञप्तिमा केन्द्रिय समितिको भर्चुअल माध्यमबाट सम्पन्न पाँचौ पूर्ण बैठकले सो निर्णय गरेको जनाएको छ।

सो विज्ञप्तिमा "महासंघका कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्यहरु

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## विवाहको टेन्ट खोल्ने क्रममा करेन्ट लागेर यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ मा एक यूवकको करेन्ट लागेर बिहीबार बिहान मृत्यु भएको छ।

सो गाउँपालिका ३ निवासी सुरेन्द्र मण्डलको छोरीको विवाह प्रयोजनका लागि लगाइएको टेन्ट खोल्ने क्रममा ती यूवकको करेन्ट लागेर मृत्यु भएको हो।

मृत्यु हुनेमा राजविराज वडा नं. १४ हाल छिन्नमस्ता ६ खुदिबखारी निवासी १९ वर्षिय शत्रुधन मण्डल छन्।

करेन्ट लागेर गम्भिर घाइते भएका मण्डललाई उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको स्थानियले बताएका छन्।

यता घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# सत्ता गठबन्धनले सातै प्रदेशमा संयुक्त चुनावीसभा गर्ने

काठमाडौँ, ८ वैशाख (रासस)।

पाँच दलीय सत्ता गठबन्धनले यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि सातै प्रदेशमा संयुक्त चुनावीसभा गर्ने भएको छ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको संयोजकत्वको स्थानीय तहको निर्वाचनका लागि गठबन्धनका दलको आन्तरिक तयारी र अनुगमन गर्ने संयन्त्रको बिहीबार बसेको बैठकले सो निर्णय गरेको हो।

चुनावीसभालाई पाँचै दलका प्रमुख नेता र गठबन्धनका संयोजकसमेत गरी छ जना शीर्ष नेताले सम्बोधन गर्नुहुने संयन्त्रका सदस्य-सचिव अधिवक्ता केशवराज जोशीले जानकारी दिनुभयो।

बैठकले सात प्रदेशका धनगढी र सुर्खेतमा वैशाख १८ गते, बुटवल र पोखरामा वैशाख १९ गते, विराटनगर र जनकपुरमा वैशाख २० गते तथा काठमाडौँमा वैशाख २२ गते चुनावीसभा गर्ने निर्णय गरेको उहाँले बताउनुभयो।

# खरिद कार्य रोक्ने परिपत्र कार्यान्वयन नगर्न आदेश

काठमाडौँ, ८ वैशाख (रासस)।

सर्वोच्च अदालतले उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्का गर्ने भन्ने शहरी विकास मन्त्रालयको परिपत्र कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ। न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले यही वैशाख ५ गते जारी गरेको अन्तरिम आदेशमा उक्त परिपत्र कार्यान्वयन नगर्न भनिएको छ।

आदेशमा भनिएको छ, "अन्तरिम आदेशको टुङ्गो नलागेसम्म नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबारको मिति २०७८/७/१४ च. नं ४८३ तथा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलको मिति २०७८/७/१६ च.नं ५६ को उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्का गर्ने भन्ने पत्र परिपत्र कार्यान्वयन नगर्नु।"

उपभोक्ता समितिबाट हुने काममा विकृति आएको उल्लेख गर्दै मन्त्रालयले यस्तो कार्य रोक्न परिपत्र गरेको थियो। मन्त्रालयको उक्त निर्णयले विकासका काममा असर परेको दाबीसहित जीतबहादुर श्रेष्ठले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो।

अदालतले दुवै पक्षलाई छलफलका लागि यही वैशाख १२ गते बोलाएको छ। अदालतले उपभोक्ता समितिमार्फत गरिने खरिद कार्य रोक्नुपर्ने कारणसहित १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफसमेत गरेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics

(BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# विद्युतीय स्कुटर निर्माणमा नास्टको सफलता, एकपटकको चार्जमा ५० किलोमिटर

**रमेश लम्साल**

काठमाडौँ, ८ वैशाख (रासस)।

पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनको विकल्प खोज्नुपर्ने विचार लामो समयदेखि देशभित्र उठ्दै आए पनि वास्तविकतामा परिणत हुनसकेको थिएन।

नीति, नियम र कार्यक्रम बन्ने तर कार्यान्वयन नहुने अवस्था नेपालका लागि नयाँ नभएर चर्चामा मात्रै सीमित हुँदै आए पनि विद्युतीय सवारीसाधनको उत्पादन र त्यसलाई प्रयोगमा ल्याउने उद्देश्यका साथ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले लुम्बिनी प्रदेश सरकारको सहयोगमा विद्युतीय स्कुटर निर्माण गरेर देखाएको छ। नास्टले नमूनाका रूपमा तयार पारेको सो स्कुटर नेपालको बाटो र माटो सुहाउँदो रहेको जिकिर गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले नाष्ट परिसरमा आज आयोजित समारोहमा उक्त विद्युतीय स्कुटर शुभारम्भ गर्नुभयो। नेपाल आयल निगमले निर्धारण गरेको मूल्यअनुसार हाल एक लिटर पेट्रोलको मूल्य रु १६० पर्छ। अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्य उकालो लागिरहेको छ।

खासगरी रुस र युक्रेनबीचको लडाइँका कारण लगातार इन्धनको मूल्यवृद्धि भइरहेको छ। यस्तो अवस्थामा राज्यको ठूलो धनराशि पेट्रोलियम पदार्थको खरिदमा खर्च भइरहेको छ। त्यसलाई रोक्न पनि विद्युतीय सवारीसाधनको प्रयोगमा बढावा दिनुपर्नेमा उहाँको जोड थियो।

विद्युतीय सवारीसाधन उत्पादनका लागि अन्तर्राष्ट्रियरूपमा उपलब्ध प्रविधि नेपालमा ल्याउने कि नेपालमै नयाँ खोज गर्ने भन्नेबारेमा नास्टजस्ता संस्थाले अध्ययन गरेर सरकारलाई उपयुक्त सुझाव दिन मन्त्री भुसालले आग्रह गर्नुभयो।

विद्युत्को खपत वा भण्डारण गर्न सकिने वा नसकिने भन्नेबारेमा पनि उपयुक्त खोज गर्न आग्रह गर्दै उहाँले भन्नुभयो, "विद्युतीय सवारीसाधन नेपालमा नै 'मेड इन' गर्ने कि 'मेक इन' गर्ने भन्नेबारेमा पनि नास्टले उपयुक्त सुझाव दिनुपर्छ।"

अन्तर्राष्ट्रिय क्षेत्रमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिले विद्युतीय सवारीसाधनको प्रयोगमा बढावा दिन सकारात्मक वातावरण बनाउने विश्वास व्यक्त गर्दै मन्त्री भुसालले यहाँ प्रयोग गरेर बढी भएको बिजुली, भारत तथा बङ्गलादेशमा पनि निर्यात गर्न सकिने र त्यसका लागि वातावरण बनेको बताउनुभयो।

सहर तथा सहरोन्मुख क्षेत्रमा आफ्नै सवारीसाधन चलाउनेको सङ्ख्या पनि बर्सेनि बढ्दै गएको छ। हरेक १५ दिनमा इण्डियन आयल कर्पोरेशनले पठाउने मूल्यसूची र त्यसैका आधारमा निगमले निर्धारण गर्ने मूल्यका आधारमा आफ्ना सवारीसाधन चलाउने हरेक नागरिकले थप खर्चको जोहो गर्नुपर्ने वातावरण बनेको छ।

कोरोनाका कारण आर्थिक उपार्जनका क्षेत्र क्रमशः कमजोर बन्दै गएको तर इन्धनको लगातार मूल्यवृद्धि भइरहँदा त्यसले हरेक घरका लागि आर्थिक सङ्कटको समस्या निम्त्याउँदै आएको छ। पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनको विकल्प खोज्न नागरिक बाध्य हुँदै गएका छन्। त्यसो त, सरकारले विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिँदै आएकाले नागरिकले पनि यसप्रति चासो देखाउन थालेका तर उपयुक्त स्थानमा चार्जिङ स्टेशन नहुनु र पेट्रोलियम पदार्थ प्रयोग भएजस्तै सवारीसाधन उपलब्ध नहुनाले पनि बाधा उत्पन्न गरिरहेको छ।

हरेक सामान बिक्री गर्ने बजारमात्रै नेपाल भइरहेको सन्दर्भमा सरकारी तहबाटै विद्युतीय स्कुटरबारे अध्ययन गरेर नास्टले तार्किक निष्कर्षमा पु्याएको उपकुलपति डा सुनिलबाबु श्रेष्ठले बताउनुभयो। नेपालका अधिकांश प्रतिष्ठानले प्रभावकारी काम गर्न नसकेको तथा खोजी अनुसन्धानमा नलागेको भन्ने गुनासोका बीचमा विद्युतीय स्कुटर निर्माण गरेर नयाँ सन्देश दिइएको चर्चा गर्दै उहाँले व्यावसायिकरूपमा विद्युतीय स्कुटरको कारखाना नै स्थापना गरेर उत्पादन गर्न चाहनेलाई मार्गप्रशस्त गरिएको जानकारी दिनुभयो। अन्तर्राष्ट्रिय बजारमा एकपटक चार्ज गर्दा एक हजार किलोमिटर गुड्ने विद्युतीय सवारीसाधन उपलब्ध भइसकेको छ। विद्युतीय सवारीसाधनको निर्माणमा चीन र भारत दुवै देशले ठूलो प्रगति गरिसकेका छन्। नेपालका सडकमा पनि विभिन्न नमूनाका विद्युतीय सवारीसाधन गुड्न थालिसकेका छन्।

प्रतिष्ठानका प्रविधि सङ्काय प्रमुख एवं विद्युतीय स्कुटर निर्माण कार्यक्रमका प्रमुख डा रवीन्द्र ढकालका अनुसार नेपाली भूगोललाई सुहाउँदो मोडलको स्कुटर विकास गरिएको र व्यावसायिक उत्पादनका लागि समेत यो स्कुटर योग्य छ। प्रतिष्ठानले हालै यसको प्रोटोटाइप (नमूना) निर्माण गरेको हो। यस्तै प्रतिष्ठानले नेपालमा नै कारखाना स्थापना गरेर काम गर्दा के-कस्तो प्राविधिक तथा आर्थिक तयारी गर्नुपर्छ भन्नेबारेमा समेत सम्भाव्यता अध्ययन गरिरहेको छ।

प्रतिष्ठानको परिसरमा नै विद्युतीय स्कुटरको प्रयोगशाला निर्माण गरिएको छ। हाल बनाइएको स्कुटरको नाम 'सारथी' राख्ने बारेमा तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। नेपालमै उत्पादनका लागि सहयोग पु्याउने उद्देश्यका साथ जनशक्तिसमेत तयार गरिएको छ। प्रतिष्ठानले आवश्यक अध्ययनसहित सात महिनामा परिणाम निकालेको हो। एउटा स्कुटर बनाउन प्रतिष्ठानले रु तीन लाखभन्दा बढी खर्च गरेको छ। ठूलो मात्रामा उत्पादन गर्ने अवस्था आउँदा नेपालभित्रै न्यूनतम रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्ममा विद्युतीय स्कुटर उत्पादन गर्न सकिन्छ।

नेपाल बजारमात्रै होइन, उत्पादनको थलो पनि बन्नुपर्छ भन्ने सोच राखेर आफूहरूले यसमा अध्ययन गरेको उल्लेख गर्नुहुँदै प्रमुख डा ढकालले विद्युतीय स्कुटर नेपालमै बनाउन सकिनेमा आफू आशावादी रहेको बताउनुभयो। प्रतिष्ठानले उहाँकै संयोजकत्वमा प्लास्टिकबाट पेट्रोल उत्पादन गर्ने अध्ययन पनि गरेको थियो।

भारतको अघोषित नाकाबन्दीको समयमा गरिएको सो अध्ययन अवस्था सामान्य भएपछि त्यत्तिकै हराएर गए पनि त्यो प्रविधिलाई थप विकास र विस्तार गर्न सकिने जानकारहरूको भनाइ थियो। स्कुटर निर्माणमा टिम लिडरका रूपमा प्रह्लाद गुप्ताले विशेष भूमिका निर्वाह गर्नुभएको छ।

प्रतिष्ठानले हाल तयार पारेको स्कुटरमा दुई किलोवाट क्षमताको लिथियम आयन ब्याट्री राखिएको छ। ब्याट्रीको क्षमता बढाउन

*बाँकी अन्तिम पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine

(NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# हुलाकी राजमार्ग: १७२ किलोमिटर कालोपत्र

**राजु विश्वकर्मा**
जनकपुर, ८ वैशाख (रासस)।

नेपालकै पहिलो राजमार्ग हुलाकी राजमार्गअन्तर्गत सप्तरीदेखि सर्लाहीसम्मको करिब ८० प्रतिशत सडक खण्डमा कालोपत्र सकिएको छ।

पूर्वमा सप्तरी सदरमुकाम राजविराजदेखि पश्चिम सर्लाहीको मलङ्गवा खरैया टोलसम्मको २५८ किलोमिटर सडकमध्ये हालसम्म १७२ किलोमिटर सडकमा कालोपत्र सकिएको जनाएको छ।

हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका अनुसार हुलाकी सडकअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको करिब २३३ किलोमिटर सडकमध्ये हालसम्म १५३ किलोमिटर सडकमा कालोपत्र सकिएको छ। बाँकी ८० किलोमिटर सडकमा पनि तीव्र रूपमा काम भइरहेको जनाएको छ। जनकपुरधामस्थित कदम चौकदेखि कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये १८ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी आठ किलोमिटर पनि तीव्र रूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामका प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो।

यस्तै सप्तरी र सिरहाको सिमा छुटयाउने बलान नदीदेखि कमला नदीसम्मको सिरहा खण्डको ३० किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्र सकिएको र बाँकी ६ किलोमिटर सडकमा पनि केही दिनभित्रै कालोपत्र सकिने प्रमुख महतोले बताउनुभयो। सो सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका-४ धनुषाले निर्धारित समयमै काम सकिने गरी काम तीव्र रूपमा भइरहेको जनाएको छ।

दुई लेनको उक्त सडक सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेकदार कम्पनीका इञ्जिनीयर चन्द्र यादवले जानकारी दिनुभयो। धनुषा र सिरहा खण्डमा निर्माणको कामले गति लिए पनि सर्लाही खण्डमा भन्ने भर्खरै मात्र काम सुरु भएको छ।

सर्लाहीको शीतलपुर-मलङ्गवा खरैया टोलसम्मको सडक निर्माणका काम सुरुमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट हुँदै आए पनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामलाई हस्तान्तरण गरिएको थियो। करिब ४२ किलोमिटरको सो सडक हुलाकी राजमार्ग आयोजना कार्यालयमा हस्तान्तरण भएयता एक किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र अन्य खण्डमा माटो ग्राभेलको काम भइरहेको प्रमुख महतोले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माणको काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घरटहरा हटाउन भएको ढिलाइ, ठाउँ ठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड-१९ माहामारीलगायत हुलाकी राजमार्ग निर्माणको कार्य केहीपछि धकेलिएको उहाँको भनाइ छ।

यस्तै हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्म सडक खण्डमा निर्माणधीन नौ वटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरधामले जनाएको छ। सप्तरी सदरमुकाम राजविराजदेखि पश्चिम बलानसम्मको सप्तरी खण्डमा करिब २१ किलोमिटर सडक कालोपत्र गरिसकेको निर्माण कम्पनी रौता श्रेष्ठ दिवा जेभीका कन्ट्याक्ट म्यानेजर कमलप्रसाद यादवले जानकारी दिनुभयो। बाँकी सडकमा समेत कालोपत्र गर्ने स्तरसम्मको काम सकिसकेको र धमाधम कार्य भइरहेको उहाँको भनाइ छ। करिब २५ किलोमिटरको सो खण्डमा अहिले ११ वटा पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो।

डिभिएम ७ मिटर र दुबै छेउको सोलजर २/२ मिटर गरी ११ मिटरको सडक निर्माण भइरहेको छ। २०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका स्थानीयवासीले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हालेको र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृत रूपमा अघि बढाउन नसकिरहेको कन्टचाक्ट म्यानेजर यादवको भनाइ छ।

मधेसकै लाइफलाईनको रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम तीव्र रूपमा अघि बढ्पछि सो भेगका स्थानीयवासी खुसी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनुको साथै हजारौं युवाहरूमा रोजगारीको अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ। हुलाकी सडक जीर्ण हुँदा सर्वसाधारणले सास्ती बेहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरुपमै सदरमुकामसम्म पुग्न सकिने स्थानीयवासीको भनाइ छ।

पूर्व-पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करिब २० देखि ३० किमी दक्षिणतर्फ भएर फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकी हिँड्ने छोटो बाटो जसलाई पदम शम्शेरले आगाडि बढाएकाले पदम रोड पनि भनिने गरिन्छ। पूर्व-पश्चिम राजमार्गबाट मधेसका जिल्ला सदरमुकामसम्म जोड्ने ८१७ किमीको ३२ वटा सहायक राजमार्ग छन्। भारतका तत्कालीन प्रधानमन्त्री चन्द्रशेखरले २०४७ सालमा नेपाल भ्रमणको क्रममा हुलाकी राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। भारतीय सहयोगको सैद्धान्तिक सहमति २०६१ सालमा भए पनि नेपालमा २०६२/६३ को परिवर्तन पश्चात् भारत सरकारले नेपाल सरकारबाट छनोट भएका एक हजार ४४० किलोमिटर सडकको डिजाइन सुपरीवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी सम्झौता गरेको थियो।

सो बापत लाग्ने सम्पूर्णखर्च भारत सरकारले व्यहोर्ने र जग्गा अधिग्रहण, पोल, रुख हटाउने, हुलाकी राजमार्गमापर्ने सम्पूर्ण पुलको निर्माण नेपाल सरकारले गर्ने प्रावधानसहितको समझदारी भएको थियो। तर मुलुकमा राजनीतिक उतारचढावका कारणले हुलाकी सड्क निर्माणको काम बीचमै रोकिएको थियो। नेपालले गरेको रेखाङ्कनअनुसार हुलाकी राजमार्गको लम्बाइ पूर्वदेखि पश्चिमसम्म एक हजार ७९२ किलोमिटर छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### साझा भविष्यका लागि सबै एकजुट हुनुपर्छ : चिनियाँ राषट्रपति सी

बेइजिङ (चीन), ८ वैशाख, (राससस-एएनआई/स्पुतनिक)।

सारा विश्व साझा भविष्यका साथ एउटै जहाजमा यात्रा गरिरहेको छ र कुनै पनि देशलाई पानीमा फ्याँक्ने प्रयास गरिनु अस्वीकार्य हुने चिनियाँ राष्ट्रपति सी चीनफिङले एक भिडियो सन्देशमा उल्लेख गर्नु भएको छ। राष्ट्रपति सीले एसियाली आर्थिक मञ्चको कार्यक्रमका सन्दर्भमा सो टिप्पणी गर्नुभएको हो। सो कार्यक्रम चीनको हाइनान टापुको बोआओमा आयोजना हुँदैछ।

"विश्वका सबै देशहरू साझा भाग्यको साथ एउटै ठूलो जहाजमा यात्रा गरिरहेका छन्। यदि तिनीहरू क्रोधित छालहरू पार गरेर उज्ज्वल भविष्यको लागि आफ्नो बाटो जारी राख्न चाहन्छन् भने तिनीहरूले एउटै दिशामा काम गर्नुपर्छ।" चाइना सेन्ट्रल टेलिभिजनले सीलाई उद्धृत उल्लेख गरेको छ। राष्ट्रपति सीले दोहोरो मापदण्डको नीति त्याग्नुपर्नेमा पनि जोड दिनुभएको छ।

राष्ट्रहरूबीचको असहमति र विवादको शान्तिपूर्ण समाधानलाई वार्ता र परामर्शको माध्यमबाट पालना गर्नुपर्ने र सङ्कटको शान्तिपूर्ण समाधान प्रवर्द्धन गर्ने सबै प्रयासहरूलाई समर्थन गर्न सीले आग्रह गर्नुभएको छ।

एसियन इकोनोमिक फोरम जसलाई अनौपचारिक रूपमा 'पूर्वी डाभोस' भनिन्छ। सो फोरम बुधबार शुरु भएको छ। यस वर्षको फोरम अप्रिल २२ सम्म चल्नेछ।

विभिन्न देशका अधिकारीहरू, व्यवसायी, शिक्षाविद् र सञ्चारमाध्यमका प्रतिनिधिहरूले कोभिड-१९ पछिको एसिया र सम्पूर्ण विश्वको विकास एजेन्डाबारे छलफल गर्ने अपेक्षा गरिएको छ। फोरम अनलाइन प्रविधिहरू प्रयोग गरेर आमनेसामने ढाँचामा आयोजना हुँदैछ।

### दक्षिण कोरियामा गत २४ घण्टामा ९० हजार ८६७ कोरोनाका नयाँ संक्रमित

सोल, ८ वैशाख (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा गत २४ घण्टा अर्थात बुधबार मध्यरातसम्म ९० हजार ८६७ कोरोनाका नयाँ सङ्क्रमित देखिएको छ। यसैसँगै कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या १ करोड ६६ लाख ७४ हजार ४५ पुगेको स्वास्थ्य अधिकारीहरूले बिहीबार जानकारी दिएका छन्।

कोरिया रोग नियन्त्रण र रोकथाम निकायकाअनुसार अघिल्लो दिन कोरोना सङ्क्रमतिको संख्या एक लाख ११ हजार ३१९ रहेको थियो। गत २४ घण्टा अर्थात बुधबार मध्यरातसम्म कोरोना सङ्क्रमणको कारण थप १४७ मृत्यु भएको जनाइएको छ। यसैसँगै कोरोना सङ्क्रमणको कारण दक्षिण कोरियाका कुल मृतकको संख्या २१ हजार ६६७ पुगेको छ।

साथै कोरोनाको कारण गम्भीर अवस्थामा रहेका संक्रमितको संख्या अघिल्लो दिनको तुलनामा ३८ जनाले बढेर ८४६ पुगेको समाचारमा जनाइएको छ। दक्षिण कोरियामा कोरोना विरुद्धखोपको दुई डोज प्राप्त गर्ने व्यक्तिहरूको संख्या चार करोड ४५ लाख ३० हजार ४२५ रहेको छ। उक्त संख्या कुल जनसंख्याको ८६.८ प्रतिशत भएको जनाइएको छ।

### जर्मनीका अर्थमन्त्रीलाई कोभिड-१९ को संक्रमण पुष्टि

वासिङ्टन, ८ वैशाख (रासस/एएफपी)।

जर्मनीका अर्थमन्त्री क्रिस्चियन लिन्डनरलाई कोभिड-१९ पोजिटिभ देखिएको मन्त्रालयका एक अधिकारीले बुधबार जानकारी दिएका छन्। अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको बैठकका लागि अमेरिकी राजधानी वासिङ्टन पुग्नु भएको लिन्डनरलाई कोरोना पोजेटिभ देखिएको समाचारमा जनाइएको छ।

लिन्डनरले कोरोना पोजेटिभ देखिनुअघि अर्थमन्त्रीहरू र केन्द्रीय बैंकका अध्यक्षहरूको जी२० बैठक र जी७ बैठकमा भाग लिनु भएको अधिकारीहरुले जानकारी दिएका छन्। जर्मनीले हाल जी७ को अध्यक्षता गर्दै आएको छ।

मन्त्री ठिक हुनु भएको र उहाँलाई हल्का लक्षण मात्रै देखिएको मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन्। मंगलबार बर्लिनबाट वाशिंगटन र बुधवार वाशिंगटनमा उनको उडान अघिको परीक्षणहरू नेगेटिभ रहेको बताइएको छ।

### युक्रेनले भन्यो कीभ बाहिर ९ वटा शव भेटियो, केहीमा यातनाको संकेत

कीभ, युक्रेन, ८ वैशाख, (रासस एएफपी)।

युक्रेनको राजधानी कीभ बाहिर बोरोद्यान्का शहरमा नौ जना सर्वसाधारणको शव फेला परेको छ। एक वरिष्ठ प्रहरी अधिकारीले बताएअनुसार ती मृतकको देहमा केही यातनाको सङ्केत पनि देखिएको छ।

"यी मानिसहरूलाई नियन्त्रणमा लिएर मारेको हुनसक्ने यातनाका संकेतहरू देखाएका छन्। ती मानिसहरू सर्वसाधारण थिए। रूसी सेनाले जानाजानी कुनै पनि प्रतिरोध नगर्ने नागरिकहरूलाई गोली हाने मारेको," कीभ क्षेत्रका प्रहरी प्रमुखले बताएका छन्।

# एसइई परीक्षाको सबै तयारी पूरा

भक्तपुर, ८ वैशाख (रासस)।

वैशाख ९ गते अर्थात् शुक्रबार बिहान ८ बजेदेखि देशभर एकैसाथ सुरु हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पूरा भएको छ।

कोरोना महामारीका कारण शैक्षिकसत्र २०७६ र २०७७ मा विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसइईको नतिजा सार्वजनिक गरेको थियो। यस वर्ष भने सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमै सञ्चालन गर्ने गरी तयारी पूरा भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो। परीक्षाका लागि ती केन्द्रहरूमा आवश्यक पर्ने प्रश्नपत्र, उत्तरपुस्तिकालगायतका आवश्यक सामग्री जिल्ला-जिल्ला पठाइसकेको उहाँले जानकारी दिनुभयो।

एसइईका परीक्षा नियन्त्रक अर्जुन रायमाझीले परीक्षाका लागि देशभर दुई हजार सात परीक्षा केन्द्र निर्धारण गरिएको जानकारी दिनुभयो। उहाँले परीक्षामा यस वर्ष ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ जना गरी कूल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी परीक्षामा सहभागी हुने भएका छन्।

दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी र प्राविधिक धारकातर्फका २९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी पनि एसइईमा सहभागी हुँदैछन्। परीक्षामा सबैभन्दा कम मनाङबाट ४३ विद्यार्थी सहभागी हुँदैछन्। एसइईमा नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयका २० विद्यार्थी पनि सहभागी हुने भएका छन्।

बोर्डले परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको छ। यस वर्षको एसइई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समिति, परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजुको कामसमेत गर्ने भएको अध्यक्ष शर्माले जानकारी दिनुभयो। परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समितिलाई परिचालन गरेको छ। बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेशअनुसारका सबै जिल्लालाई प्रदेशले निर्देशन दिने तथा अनुगमन गर्ने गरी व्यवस्था गरिएको छ।

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजु गरेर बोर्डले नतिजा प्रकाशन गर्ने उहाँले बताउनुभयो। अध्यक्ष शर्माले भन्नुभयो, "यस वर्ष एक महिना ढिलो गरी परीक्षा सुरु हुँदैछ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, त्यसले नतिजाका केही दिन तलमाथि हुनसक्ला, यद्यपि बोर्डले साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र सुरु हुनुअघि नै एसइईको नतिजा सार्वजनिक गरिसक्ने लक्ष्य लिएका छौंक।"

कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभाभिव भएपछि चैत महिनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १-१० को आगामी शैक्षिकसत्र सुरु गर्ने गरी शिक्षा मन्त्रालयले व्यवस्था गरेको छ।

# जनस्वास्थ्यका मापदण्ड पालना गर्न आग्रह

काठमाडौँ, ८ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरेको छ।

मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्राले आज विज्ञप्ति जारी गर्दै कोरोना भाइरसको सङ्क्रमण छिमेकी मुलुक भारतमा बढ्दै गएपछि नेपालमा पनि सङ्क्रमणको जोखिम रहेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गर्नुभएको छ।

"कोभिड-१९ को सङ्क्रमण भारतलगायत छिमेकी राष्ट्रमा पछिल्लो केही दिनमा बढ्दो क्रममा रहेको वर्तमान अवस्थामा सङ्क्रमणको जोखिम कायम नै रहेकाले सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी भूमिका बढाउन संवेदनशील भई जिम्मेवार बनी जनस्वास्थ्यको मापदण्ड पालना गर्न/गराउन मन्त्रालयले सबैलाई अनुरोध गरेको छ", उहाँले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ।

उहाँले सङ्ख्यात्मकरूपमा सङ्क्रमण केही कम भएजस्तो देखिए पनि महामारीको जोखिम कायमै रहेको उल्लेख गर्नुभएको छ। मन्त्रालयले खोप लगाएको तीन महिना पूरा भएकालाई बुष्टर मात्रा खोप लगाउनसमेत आग्रह गरेको छ। मन्त्रालयले कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाउन, खोप लगाउन प्रेरित गर्न र जारी खोप अभियानमा साथ दिनका लागिसमेत सबैलाई आग्रह गरेको छ।

# मधेस प्रदेशमा संक्रमितको संख्या एक अंकमा झर्‍यो

जनकपुर, ८ वैशाख (रासस)।

मधेस प्रदेशमा कोभिड-१९ को सक्रिय सङ्क्रमितको सङ्ख्या एक अङ्कमा झरेको छ। केही दिनदेखि निरन्तर घट्दै गएको कोभिड-१९ सक्रिय सङ्क्रमितको सङ्ख्या मधेस प्रदेशमा चार जना मात्र छन्। चारै जना होमआइसोलेशनमा रहेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालय जनकपुरधामले जनाएको छ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार कोरोना महामारी सुरु भएयता मधेस प्रदेशमा कोरोना सङ्क्रमणबाट हालसम्म ४१ हजार ४१७ सङ्क्रमित भएकामा ४० हजार ३५१ जना उपचारपश्चात निको भएर घर फर्किएका छन्। सङ्क्रमणकै कारण हालसम्म बारामा १८१, सप्तरीमा १६१, सिरहामा १३५, धनुषामा १३२, पर्सामा १३२, रौतहटमा १२९, सर्लाहीमा ९३ र महोत्तरीमा ९१ गरी एक हजार ६२ जनाको मृत्यु भइसकेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

यस्तै मधेस प्रदेशमा करिब ७३ प्रतिशतले कोभिड-१९ विरुद्धको पूर्ण मात्रा खोप लगाएका छन्। सार्वजनिक सेवाका लागि खोप कार्ड अनिवार्य गरेको र खोपसम्बन्धी निरन्तरको प्रचार-प्रसार तथा स्थानीय जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको सक्रियताका कारण कोभिड-१९ विरुद्धको खोप लगाउने दर बढेको मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजय झाले जानकारी दिनुभयो।

## विद्युतीय स्कुटर ...

सकिन्छ। हाल तयार भएको स्कुटर एक पटक चार्ज गर्दा ५० किलोमिटरसम्म गुड्न सक्छ। प्रमुख डा ढकालका अनुसार ब्याट्री र मोटरको क्षमता बढाउँदै जाँदा थप किलोमिटर गुड्ने बनाउन सकिन्छ।

विशेषगरी अधिकांश विद्युतीय सवारीसाधनमा प्रयोग हुने ब्याट्रीकै समस्या देखिने गरेकाले नेपालमै लिड सेल ब्याट्रीको अनुसन्धान भइरहेको छ। प्रतिष्ठानले त्यसमा प्राविधिक तथा प्राज्ञिक सहयोग गरिरहेको छ। विद्युतीय सवारीसाधनको प्रयोगलाई बढावा दिन जतातते चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने आवश्यकता छ। नेपाल विद्युत् प्राधिकरणले देशभर पहिलो चरणमा ५० चार्जिङ स्टेशन निर्माण गरिरहेको छ।

यस्तै निजी क्षेत्रबाट हुण्डाइले ४० वटा चार्जिङ स्टेशन निर्माण गर्दैछ। पछिल्लोपटक सरकारले पेट्रोलियम पदार्थ प्रयोग हुने सवारीसाधनलाई विद्युतीय बनाउनका लागि कानुनी प्रबन्धसमेत गरिदिएको छ। यो काम गर्न पनि ढिलो भएको केहीको बुझाइ थियो।

प्राधिकरणले विद्युतीय सवारीसाधनको चार्जिङका लागि विद्युत् महसुलमा कम गरेको छ। रातिको समयमा चार्ज गर्दा झनै सस्तो पर्न जान्छ। यद्यपि सबै स्थानमा चार्जिङ स्टेशन निर्माण हुनसकेको छैन। स्कुटर वा मोटरसाइकल भने घरमै पनि चार्ज गर्न सकिन्छ।

काठमाडौँ उपत्यकामा निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेको छ। यसलाई थप विस्तार गर्नुपर्ने आवश्यकता छ। प्राधिकरणले आन्तरिकरूपमा बिजुलीको खपत बढाउनका लागि विभिन्न योजना अगाडि सारेको भए पनि केही कानुनी जटिलताका कारण सोचेजति प्रगति हुनसकेको छैन।

सरकार र उद्योगीले देशभित्रै विद्युतीय सवारीसाधन निर्माण र प्रयोगका सन्दर्भमा साझा दृष्टिकोण बनाएर काम र नयाँ कामका लागि केही न केही जोखिम लिनैपर्ने प्रतिष्ठानका वरिष्ठ वैज्ञानिकसमेत रहनुभएका ढकालको भनाइ थियो।

प्रतिष्ठानले मोबाइल एपबाटै मोटरसाइकल स्टार्ट गर्ने प्रविधिसमेत विकास गरेको छ। देशभित्र नै विद्युतीय सवारीसाधन निर्माण हुनसक्छ भन्ने आत्मविश्वास जगाउन पनि नास्टले यस खालको भूमिका निर्वाह गरेको गरेको हो।

## पत्रकार ...

उम्मेदवार बनेमा महासंघको विधानको मर्म र व्यवस्थाअनुसार सोही समयदेखी कायम रहेको पदबाट स्वतः मुक्त हुन जाने निर्णय यो बैठकले गरेको छ।" उल्लेख छ।

साथै बैठकले निर्वाचनका समयमा महासंघका सदस्यहरुको भूमिकाको अनुगमन गरी यथार्थ विवरण संकलन गर्न महासंघको आचारसंहिता अनुगमन विभाग र अनुशासन समितिलाई जिम्मा दिने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

**स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।**

हाम्रो सेवाहरु




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*